सूचना

बलेफी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बलेफी , सिन्धुपाल्चोक

बागमती प्रदेश

पत्र संख्या : ०७९/८०

चलानी नं :

**गाई प्रवर्द्धन कार्यक्रमको प्रस्ताव आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/१२/१४ गते**

बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आ.व २०७९/०८० को स्वीकृत देहाय बमोजिमका बार्षिक कार्यक्रमहरु बलेफी गाउँपालिका सिन्धुपाल्चोकको अनुदान कार्यविधि २०७९ बमोजिम सञ्चालन गर्नु पर्ने भएकोले सो कार्यक्रम सञ्चालन गर्न इच्छुक व्यवसायी/कृषकसमूह/सहकारीले यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनभित्र यस कार्यालयको पशु सेवा शाखामा कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.सं. | कार्यकर्मको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | वडा नं ४ र ५को गाई प्रबर्द्धन कार्यक्रम | पछि तोकिने छ । | |
| २. | वडा नं ५ मा गाई प्रबर्द्धन कार्यक्रम | | |
| ३. | वडा नं ४ सँग लागत साझेदारीमा ५० प्रतिशत अनुदानमा उन्नत जातको गाई वितरण कार्यक्रम | | |
| ४. | वडा नं ४ मा उन्नत जातको गाई ५० प्रतिशत अनुदानमा वितरण कार्यक्रमं | | |
| ५. | चिम्लिङबेसी दुध उत्पादक सहकारीसगँ समन्वयमा गाई वितरण | | |

**निवेदन साथ संलग्न हुनु पर्ने कागजातहरु**

१. कार्यविधिको अनुसूची- २ बमोजिमको ढाँचामा निवेदन ।

२. व्यवसायीले स्वीकृत अनुदान कार्यक्रमबाट गर्न चाहेको काम सोको परिमाण खुलेको विवरण र अनुसूची ३ बमोजिमको ढाँचामा संक्षिप्त कार्ययोजना, अनुसूची ४ बमोजिमको स्वघोषणा पत्र ।

३.व्यवसायिक संस्थाका सञ्चालक समितिका सदस्यहरुको नाम, थर, नागरिकता नं र ठेगाना खुलेको नामावली विवरण ।

४. अनुदान रकमबाट खरिद गरिने गाईको लागत अनुमान ।

५. गाउँपालिकालाई तिर्नु पर्ने व्यवसाय कर, घरभाडा कर ,सम्पति तथा भूमिकर लगायतका कर तिरेको प्रमाण पत्र ।

६. व्यवसायको कार्यसमिति तथा सञ्चालक समिति भएमा सो को बैठकले अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि ।

७. विनियोजित अनुदान रकमको कम्तिमा ५० प्रतिशत रकमको लागत सहभागीता व्यवसायीको रहने सम्बन्धी अनुसूची ७ बमोजिको प्रतिबद्धता पत्र ।

८. चालु आ.व. मा अन्य कुनै सरकारी तथा गैरसरकारी निकायबाट सोहि किसिमको अनुदान सहयोग पाएको नपाएको, विगत २ बर्ष भित्र सोही व्यवसायीले सरकारी निकायबाट त्यस्तो सहयोग प्राप्त गरेको नगरेको, सहयोग प्राप्त भएको भए कुन विषयमा कति सहयोग प्राप्त भएको हो सोको व्यहोरा खुलाई थप अनुदान सहयोग उपलब्ध गराउन आवश्यक भएको कारण खुलेको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

९. सहकारी संस्था भए पछिल्लो लेखा परिक्षण प्रतिवेदन ।

थप जानकारीको लागि पशु सेवा शाखाको सम्पर्क नं 98431341062 9863246416

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत